वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २२८ | २०८२ पुस २० गते आइतबार, नेपाल सम्वत् ११४६ January 04, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-









**रायोको साग र गुन्द्रक बिक्रीबाट भएको आम्दानीले दिएको खुसी :** तनहुँको आँबुखैरेनी गाउँपालिकाले सञ्चालनमा ल्याएको शुक्रबारे कृषि हाटबजारमा आफुले उत्पादन गरेको रायोको साग, गुन्द्रुक, केराउ, मह, कोदोको पिठो, टिम्मुर लगायतका उपज बिक्री गरेपछि भएको आम्दानी देखाउँदै आँबुखैरेनी–५ लाब्दिकी बधु माया गुरूङ । आफुले उपभोग गरी उब्रिएको कृषि उपज पशुवस्तुलाई खुवाउने तथा खेरा फाल्ने गर्दै आएकी बधुमायाले अहिले गाउँपालिकाले सञ्चालन गरेको कृषि हाटबजारमा ल्याएर बिक्री गर्दा राम्रो मूल्य पाउँदा उनका आर्थिक हैसियत समेत उकासिएको छ । गाउँमा उत्पादन भएको कृषि उपज बिक्री वितरण गरी मधुमायाले वार्षिक एक लाख रूपैयाँ भन्दा बढी कमाउने गरेकी छन् । मधुमाया जस्तै छिम्केश्वरी क्षेत्रका ५०/६० जना कृषकहरूले हाटबजारमा आफुले उत्पादन गरेको उपज बिक्री गरी राम्रो आम्दानी लिन सफल भएका छन् । *तस्विर : भञ्ज्याङ*

## पोखरा-मुग्लिन सडक आयोजना

# पश्चिम खण्डको असार १५ गतेसम्मका लागि म्याद थप

**कृष्ण दवाडी**/कास्की

पृथ्वीराजमार्ग अन्तर्गत पोखरा–मुग्लिन सडक विस्तार तथा स्तरोन्नति योजना (पश्चिम खण्ड)को तेस्रो पटक म्याद थप गरिएको छ । पर्यटकीय राजधानी पोखरालाई संघीय राजधानी काठमाडौंसम्म जोड्ने यस राजमार्ग एशियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा चार वर्षदेखि स्तरोन्नतिको काम भइरहेको छ ।

योजनाको यसअघि दुई पटक म्याद थप गर्दासमेत काम तोकिएको समयमा सम्पन्न हुन नसकेपछि निर्माण कम्पनीको मागअनुसार सडक विभागले विसं २०८३ असार १५ गतेसम्म समय थप गरिदिएको मुग्लिन–पोखरा सडक योजना पश्चिम खण्डका योजना प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिए।

उनले भने, "दोस्रो पटकसमेत तोकिएको समयमा काम नसकिएको र ७५ प्रतिशत मात्र भौतिक प्रगति भएपछि हालै पुन:निर्माण अवधि बढाइएको छ। अब थपिएको समय चालू आर्थिक वर्षमा चार तथा छ लेन सम्पूर्ण सडक खण्ड निर्माण सम्पन्न गर्ने लक्ष्य राखेका छौं ।"

योजनाका अनुसार पछिल्लो पटक थप गरिएको म्याद गत डिसेम्बर अन्त्यमा सकिएपछि ६ महिना बढाइएको हो । सडक मापदण्डभित्रको विद्युत् पोल र खानेपानी पाइप स्थानान्तरण तथा रूख कटानमा ढिलाइलगायतका कारणले योजना सम्पन्न हुन ढिलाइ भएको बताइन्छ ।

यस योजनाको पश्चिम खण्ड अन्तर्गत तनहुँको जामुनेदेखि पोखराको सेती नदीपुलसम्मको ३८.८८ किमी पर्छ । योजना प्रमुख कुँबरले हालसम्म यस खण्डको तीन चौथाई काम सम्पन्न भएको जानकारी दिए ।



प्रथम तहको कालोपत्रे ३७ किमी सकिएको छ। त्यसैगरी दोस्रो तहको कालोपत्रे गर्ने काम करिव ३४ किमी पूरा भएको छ । एकतर्फी कालोपत्र गर्न अब एक किमी बाटो मात्र बाँकी रहेको कुँबरले जानकारी दिनुभयो । त्यसैगरी जामुनेबाट 'सडक मार्किङ',


बाँकी तेश्रो पेजमा

# पौष शुक्ल पूर्णिमा : वैदिक धर्मावलम्बीका घरघरमा स्वस्थानी व्रत सुरू

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना विधिपूर्वक गरिने स्वस्थानी व्रत एवं माघस्नान आजदेखि सुरू भएको छ । पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना स्वस्थानी व्रत र माघ स्नान गर्ने परम्पराअनुसार आजदेखि स्वस्थानी व्रत एवं माघस्नान शनिबारदेखि सुरू भएको हो । पौष शुक्ल चतुर्दशीको दिन हात गोडाका नङ काटी स्नान गरी शुद्ध वस्त्र पहिरिएर यसको सुरूआत गरिन्छ। यस दिनदेखि प्रत्येक दिन बिहान माघ स्नान गरी नित्य मध्याह्नकालमा महादेवको पूजा गर्ने परम्परा रहिआएको छ । बेलुकी स्कन्द पुराणको केदार खण्डअन्तर्गत माघ माहात्म्यको कुमार अगस्त्यबीच संवाद भएको स्वस्थानी व्रत कथा सुन्ने सुनाउने परम्परा छ ।

एक महिनासम्म यो विधिबाट व्रत गरी माघ शुक्ल पूर्णिमाका दिन १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता, विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, वस्त्र, भेटी चढाई व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ । चढाइएका प्रसादमध्ये सबैबाट आठ/आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मित छोरालाई, मित छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बगाउने व्रत विधि रहेको धर्मशास्त्रविद् प्रा तोयराज नेपालले जानकारी दिए ।




सय रोटी वर्तालु आफैँले फलाहार गरी रातमा जाग्राम बस्छन्। जाग्रामका समयमा देवीको माहात्म्य सुन्ने सुनाउने गरिन्छ । यसो गरेमा वर्तालुको मनोकाङ्क्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ । स्वस्थानीको शाब्दिक अर्थ आफू बसेको स्थानको देवी भन्ने बुझिन्छ ।

"आफू बसेकी स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो । उत्तरायणपछिको समय ध्यान योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थान अर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ । यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ", धर्मशास्त्रविद् प्रा नेपालले भने ।

सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनी स्कन्द पुराणमा उल्लेख गरिएको उनले जानकारी दिए । "स्वस्थानीको चार हातमध्ये पहिलो हातमा नीलकमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी पुराणमा उल्लेख

बाँकी तेश्रो पेजमा

# बन्दीपुर अस्पतालमा अतिरिक्त समयमा सेवा लिने बिरामीको संख्या बढी

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

तनहुँको बन्दीपुर गाउँपालिका अन्तर्गत रहेको बन्दीपुर अस्पतालमा नियमित सेवा समयभन्दा अतिरिक्त समयमा सेवा लिने बिरामीको संख्या बढी देखिएको छ । अस्पतालले शुक्रबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार गत कार्तिक महिनामा करिब दुई हजार बिरामीले ओ.पि.डी. सेवा लिएका छन् । अस्पतालका अनुसार सो अवधिमा जम्मा १ हजार ९९६ जना सेवाग्राहीले ओ.पि.डी. सेवा प्राप्त गरेका हुन् ।

नियमित ओ.पि.डी. सेवा समय (बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म) मा ८९८ जना अर्थात् ४४.९९ प्रतिशत सेवाग्राहीले सेवा लिएका छन् भने अतिरिक्त ओ.पि.डी. सेवा समय (बिहान ७ बजेदेखि १० बजेसम्म, दिउँसो २ बजेदेखि बेलुकी ८ बजेसम्म तथा सार्वजनिक बिदाका दिन)मा १ हजार ९८ जना अर्थात् ५५.०१ प्रतिशत सेवाग्राहीले सेवा लिएका छन्।

कर्मचारी, विद्यार्थी, ज्याला/मजदुरी गर्ने श्रमिक, व्यापारी–व्यवसायी तथा गृहिणीहरूलाई लक्षित गरी बन्दीपुर अस्पतालले मिति २०८२ साल १ महिना १ गतेदेखि शनिबार र सार्वजनिक बिदाका दिनसमेत बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म (कार्तिक १६ गतेदेखि बेलुकी ७ बजेसम्म) नि:शुल्क ओ.पि.डी. सेवा सञ्चालन गर्दै आएको अस्पतालका प्रमुख डा. अनिल गिरीले जानकारी दिए ।

उनका अनुसार कार्तिक महिनामा सार्वजनिक बिदा बढी परेकाले नियमित सेवा समयभन्दा अतिरिक्त समयमा ओ.पि.डी. सेवा लिने सेवाग्राहीको संख्या बढी देखिएको हो । इमर्जेन्सी विभागका बिरामीहरु भने यस विवरणमा समावेश नगरिएको उनले बताए।

# १.११ प्रतिशत मुद्रास्फीति सन्देश : घट्दो महागी कि सुस्ताउँदो अर्थतन्त्र ?

नेपालको वर्तमान राज्यसत्ता र राजनीतिक नेतृत्व अहिले लोकतन्त्रको सबैभन्दा महत्त्वपूर्ण आधार निर्वाचन सम्पन्न गर्ने र जनादेश स्थापित गर्ने गुरूत्तर जिम्मेवारीमा केन्द्रित छन् । यो सक्रियताले राजनीतिलाई चलायमान त बनाएको छ, तर राज्यको यो सम्पूर्ण शक्ति र ध्यान यसमै केन्द्रित भइरहँदा देशको अर्थतन्त्रका लागि भने अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । निर्वाचन मार्फत सुशासन सुनिश्चित गर्नु सरकारको मुख्य दायित्व भए तापनि यसैको व्यस्तताबीच आन्तरिक उत्पादन र नागरिकको जीवनस्तर सुधार्ने आर्थिक उत्थानका पाटो केही ओझेलमा परेका देखिन्छन् ।

यही नीतिगत अन्योल र आर्थिक सुस्तताको फाइदा उठाउँदै नेपाली समाजमा अराजकता र दण्डहीनता उग्र रूपमा हाबी हुँदै गएको छ, जसको प्रत्यक्ष असर देशको सुशासन र स्थिरतामा देखिएको छ । एकातिर, दुई दशकयताकै न्यून मुद्रास्फीति र शिथिल आन्तरिक उत्पादनले चुनौतीपूर्ण भविष्यको संकेत गरिरहेका छन् भने अर्कातिर युवा जनशक्ति पलायन हुने क्रम निरन्तर जारी छ । राजनीति वास्तवमा नागरिकको हक, समृद्धि र सुशासनका लागि हुनुपर्ने हो, तर विद्यमान अलमलले यीमध्ये कुनै पनि लक्ष्य हासिल हुने छाँट देखिँदैन ।

**न्यून मुद्रास्फीति र बजारको वास्तविक अवस्था**

अब लागौं मुख्य विषयवस्तुतर्फ, नेपालको आर्थिक इतिहासमा अहिले एउटा अनौठो तर जटिल मोड देखिएको छ, जसलाई अर्थशास्त्रीले सायद गम्भीरतासाथ हेरिरहेका होलान् भनेर अनुमान मात्र गर्न सकिन्छ । बाहिरबाट हेर्दा बजार शान्त देखिए पनि भित्रभित्रै अर्थतन्त्र संकटतर्फ धकेलिने हो कि भन्ने आशंका जन्मिएको छ । यही अस्वाभाविक स्थिति पुष्टि गर्ने एउटा उदाहरण नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांक ९२०८२ कात्तिक मसान्त० मा देख्न सकिन्छ, जसका अनुसार अहिलेको मुद्रास्फीति १.११ प्रतिशतमा झरेको छ, यो तथ्यांक २०६० सालयताकै अर्थात् पछिल्लो २२ वर्षकै सबैभन्दा न्यून हो ।

यसले बजारमा माग र उपभोग कतिसम्म धराशायी भएको छ भन्ने भयावह चित्र प्रस्तुत गर्दछ । सामान्यतया कुनै पनि विकासोन्मुख देशका लागि महँगी नियन्त्रणमा रहनुलाई राहतको विषय मानिन्छ र सामान्य मानिसलाई लाग्न सक्छ– लौ, अब त सस्तो जमाना आएछ। तर, आर्थिक गतिविधि जसरी सुस्ताएका छन्, त्यसले यो सस्तोपन खुसीको खबर नभई एउटा गम्भीर आर्थिक गतिहीनताको लक्षण भएको संकेत गर्दछ । सतहमा देखिएको यो स्थिरता वास्तवमा भविष्यमा लाग्न सक्ने ठूलो आर्थिक धक्काको पूर्वसंकेत त होइन भन्ने भान हुन थालेको छ ।

यो मूल्य घट्नुको कारण धेरै सामान उत्पादन भएर वा सामान ढुवानी गर्ने व्यवस्था धेरै राम्रो भएर होइन । बरू, यो बजारमा वस्तु र सेवाको समग्र मागमा आएको भारी गिरावटको नतिजा हो । बजारमा सामान मौज्दात छन्, तर ती सामान किनिदिने ग्राहक र उपभोग गर्ने उपभोक्ताकै अभाव हुन थालेको छ। मागमा आएको यो गिरावटले गर्दा उत्पादक र बिक्रेताले मूल्य समायोजन गर्न सकेका छैनन्, जसले गर्दा मुद्रास्फीति दर ऐतिहासिक रूपमा न्यून देखिएको हो ।

**युवा पलायन र उपभोक्ताको खडेरी**

अहिले बजारमा ग्राहक भेटिनै मुस्किल छ, मानौं मागको अनिकाल नै लागेको छ। मुद्रास्फीति यति तल झर्नुका पछाडि कुनै चामत्कारिक प्रगति होइन, बरू मानिसहरूको खर्च गर्ने क्षमता र इच्छा हराउनु मुख्य कारण हो। वार्षिक ५–६ लाखको संख्यामा देशका मेरूदण्ड ऊर्जावान युवा बाहिरिएपछि बजारलाई चलायमान बनाउने उपभोग नै हराएको छ ।

अहिलेका धेरैजसो नेपाली घरमा केवल वृद्धवृद्धा र बालबालिका मात्र बाँकी छन्। स्वभावैले एउटा वृद्धको आवश्यकता र उपभोगको दायरा सानो हुन्छ । उनलाई न त नयाँ ग्याजेट चाहिन्छ, न त उनी महँगो रेस्टुरेन्ट र गाडीमा खर्च गर्छन् । यसले साना पसलदेखि ठूला उद्योगसम्मलाई एउटै मारमा पारेको छ । एकातिर, आम्दानी घटेको छ भने अर्कातिर पैसा हुनेहरु पनि भोलि के हुने हो भन्ने डरले खर्च गर्न डराइरहेका छन् । युवालाई स्वदेशमै रोकेर श्रमको सम्मान गर्ने वातावरण नबनेसम्म यो अवस्था सुद्रिने छाँट देखिँदैन।

**बजारको सुनसान दृश्य र 'टु–लेट' सन्देश**

युवा पलायनको यही नमिठो यथार्थलाई काठमाडौंका सडक र सहरहरूले मौन रूपमा बोलिरहेका छन् । कुनै समय खुट्टा राख्ने ठाउँ नहुने डिल्लीबजार, न्युरोड र बानेश्वर जस्ता क्षेत्र अहिले अस्वाभाविक शान्त छन् । अझ मन चसक्क बनाउने दृश्य त ठूला सपिङ मलहरूमा देखिन्छ, जहाँका बन्द सटरमा झुन्डिएका 'भाडामा उपलब्ध छ' (टु–लेट) लेखिएका बोर्डले हाम्रो अर्थतन्त्र कुन हदसम्म दबाबमा छ भन्ने प्रमाण दिइरहेका छन् ।

जब देशका मुख्य व्यापारिक सहरबजार नै सुस्ताउँछन्, तब पूरै अर्थतन्त्र संकटमा पर्नु स्वाभाविक हो। आज बैंकमा पैसा थुप्रिएर बसेको छ, तर ऋण लिएर काम गर्ने कोही छैनन् । व्यापारीहरु नयाँ लगानी गर्न डराइरहेका छन् । विडम्बना, बजारको यो गम्भीर अन्योल चिर्नुको सट्टा नेतृत्व भने सतही लोकप्रियता र आपसी खिचातानीमै अल्झिएको छ । यसरी नयाँ वा पुराना नेतृत्वले जनताका वास्तविक समस्यामाथि बेवास्ता गरिरहँदा पनि हामीले देखाएको मौनता कतै उनीहरूकै अक्षमतालाई मौन स्वीकृति त बनिरहेको छैन ।

**श्रम निर्यात कि स्वदेशी श्रमको सम्मान ?**

अहिलेको राज्यसत्ताको प्राथमिकता कता छ भन्ने बुझ्न उनीहरूले युवा पलायनलाई हेर्ने दृष्टिकोण हेरे पुग्छ । आफ्नै देश बनाउनुपर्ने युवा शक्तिलाई वैदेशिक रोजगारीमा पठाएर रेमिट्यान्सको अंकमा रमाउनु हाम्रो ठूलो भूल हो । वास्तवमा, कुनै पनि देशलाई आत्मनिर्भर बनाउन आवश्यक उत्पादन, उद्योग र आधुनिक कृषिको पहिलो सर्त नै स्वदेशी श्रमशक्ति हो । जबसम्म देशका मेरूदण्ड मानिने ऊर्जावान युवा बाहिरिइरहन्छन्, तबसम्म न हाम्रा प्राकृतिक स्रोत उपयोग हुन्छ, न आन्तरिक बजार नै चलायमान हुन्छ । आफ्नो जनशक्ति निर्यात गरेर समृद्धिको सपना देख्नु एउटा भ्रममात्र हो ।

विडम्बना, एकातिर युवा पलायनले बजारमा उपभोक्ता घटेका छन् भने अर्कातिर स्वदेशमै रहेका मध्यम वर्गको भरोसा मानिएको सहकारी क्षेत्र पनि ध्वस्त भएको छ । वर्षौं दु:खको कमाइ सहकारीमा फसेपछि नागरिकको खर्च गर्ने हिम्मत र आत्मविश्वास दुवै मरेको छ । आफ्नो पैसा फिर्ता नपाएका मानिसले बजार गएर खर्च गर्ने आँट कसरी गरून्? परिणामस्वरूप, अहिले मानिसहरु पैसा भए पनि भविष्यको डरले त्यसलाई जोगाएरै राख्न चाहन्छन् । बजारमा पैसा त छ, तर त्यो चलायमान छैन । मानिसहरूमा आत्मविश्वास यति खस्किएको छ कि उनीहरु लगानी गर्नुभन्दा भएको रकम 'डसनामुनि' लुकाउन वा मुद्दतीमा थुपार्न सुरक्षित ठानिरहेका छन् ।

यसरी एकातिर देशको ऊर्जावान युवा शक्ति रोजगारीको खोजीमा विदेश पलायन हुनु र अर्कातिर उपलब्ध पूँजी पनि उत्पादनमूलक क्षेत्र वा अर्थतन्त्रको मूल प्रवाहमा आउन नसक्नुले गर्दा नेपाली अर्थतन्त्र अहिले अत्यन्त शिथिल अवस्थामा आइपुगेको छ । तर विडम्बना के छ भने, यो आर्थिक संकट चिर्ने नीतिगत बहस हुनुपर्ने बेला हाम्रो नेतृत्व वर्ग भने सत्ताको रस्साकस्सी र सामाजिक सञ्जालको सस्तो लोकप्रियतामै हराइरहेको देखिन्छ । देश र जनताको हित थाती राखेर राजनीतिक प्रतिशोध, नातागोता र कार्यकर्ताको पोषणमा मात्र रमाउने यो प्रवृत्तिले राज्यका प्राथमिकतालाई जनसरोकारबाट पूर्णत: विमुख गराएको छ, जसका कारण अर्थतन्त्र झन् ओरालो लाग्दै छ।

**गाउँ, सहर र उद्योग–व्यवसायमा देखिएको सुस्तता**

बजारमा देखिएको यो अविश्वास र उपभोगको कमीले अब केवल सहरमात्र होइन, गाउँ र उत्पादन क्षेत्रलाई समेत गाँज्न थालेको छ । वस्तुगत र क्षेत्रीय मुद्रास्फीतिको तथ्यांकीय विश्लेषण गर्दा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.३२ प्रतिशतले ऋणात्मक देखिन्छ । यसको अर्थ गत वर्षको तुलनामा खाद्यान्न मूल्य औसतमा घटेको छ । विशेषगरी तरकारीको मूल्यमा १४.४३ प्रतिशत र गेडागुडीमा ५.३६ प्रतिशतको भारी गिरावट आएको छ। यो गिरावटले उपभोक्तालाई केही राहत दिए पनि उत्पादक किसानलाई भने ऋणको भार थपेको छ । अर्कातर्फ, गैरखाद्य र सेवा क्षेत्रमा मूल्यवृद्धि माग बढेर नभई नाकामा अवरोध र ढुवानी लागत बढेका कारण भएको हो । भौगोलिक रूपमा सुदूरपश्चिम जस्ता क्षेत्रमा मुद्रास्फीति केवल ०.२६ प्रतिशत हुनुले त्यहाँको आर्थिक गतिविधि झनै संकुचित भएको पुष्टि गर्दछ । ग्रामीण क्षेत्रमा मुद्रास्फीति सहरी क्षेत्रको तुलनामा झनै न्यून हुनुले ग्रामीण अर्थतन्त्र झनै संकटमा परेको देखाउँछ ।

कृषि क्षेत्र नेपालको अर्थतन्त्रको मेरूदण्ड हो, तर न्यून मुद्रास्फीतिले यो क्षेत्रलाई सबैभन्दा बढी प्रहार गरेको छ । उत्पादन लागत बढ्दै जाने तर बजारमा उचित मूल्य नपाउने अवस्थाले गर्दा धेरै किसान कृषि पेसाबाटै पलायन भइरहेका छन् । यही हाल औद्योगिक क्षेत्रको पनि छ । निर्माण क्षेत्र सुस्ताउँदा सिमेन्ट र फलाम उद्योग आफ्नो कुल क्षमताको २५ देखि ३० प्रतिशतमा मात्र चलिरहेका छन् । सरकारी पूँजीगत खर्च नहुँदा र निजी निर्माण क्षेत्र सुस्ताउँदा यी उद्योगको उत्पादन थुप्रिएको छ । औद्योगिक उत्पादन घट्नुको अर्थ रोजगारी कटौती र झन् कम उपभोग हुनु हो । यदि सरकारले न्यूनतम समर्थन मूल्य तोकेर किसानको उत्पादन खरिद नगर्ने हो भने यो न्यून मुद्रास्फीतिले ग्रामीण गरिबीलाई झनै भयावह बनाउने निश्चित छ ।

**महँगी घट्दाका बेफाइदा र लगानीमा देखिएको डर**

बजारमा यसरी माग घट्नुले अर्थतन्त्रको समग्र चक्रलाई नै प्रभावित पारेको छ । यसलाई अर्थशास्त्रमा डिफ्लेसनरी प्रेसर भनिन्छ । मूल्य गिरावटको चाप जुन बढ्दो महँगी जत्तिकै चुनौतीपूर्ण हुने गर्दछ। मूल्य घट्दा तत्काल उपभोक्तालाई फाइदाजस्तो देखिए तापनि यसले बिस्तारै उद्योगहरूको आम्दानी घटाउने र लगानीकर्तालाई निरूत्साहित बनाउने गरेको पाइन्छ । यो एउटा यस्तो अवस्था हो, जसले पूँजी निर्माण प्रक्रिया रोक्नुका साथै अर्थतन्त्रमा गतिहीनता पैदा गरिदिएको छ । महँगी धेरै हुनु त राम्रो होइन, तर महँगी एकदमै न्यून हुनुले उत्पादन र उत्साह दुवैलाई कम गराइ अर्थतन्त्र सुस्त बनाउने जोखिम रहने देखिन्छ । स्वस्थ अर्थतन्त्रका लागि मूल्य थोरै बढ्नु राम्रो मानिन्छ, तर मूल्य गिरावटको चापले अर्थतन्त्रलाई मन्दीतर्फ धकेल्ने जोखिम रहन्छ ।

आन्तरिक मागमा आएको कमीको प्रत्यक्ष प्रभाव अहिले नेपालको सेयर बजार र घरजग्गा क्षेत्रमा पनि प्रष्ट देखिन थालेको छ । घरजग्गा कारोबारमा आएको मन्दीका कारण धेरै लगानीकर्ताको पूँजी एकै ठाउँमा रोकिएको अवस्था छ । सेयर बजारमा सूचीकृत कम्पनीहरूको नाफा वृद्धिदर सुस्ताउनु र भविष्यको आर्थिक अन्योलले गर्दा ठूला लगानीकर्ता अहिले 'पर्ख र हेर' को स्थितिमा भेटिन्छन्। कम्पनीहरूको लाभांश दिने क्षमतामा कमी आउँदा सेयर बजारमा पनि खासै उत्साह देखिएको छैन।

यसरी व्यक्तिगत र संस्थागत लगानी रोकिँदा त्यसको सिधा असर बैंकिङ प्रणालीमा परेको छ, जसले गर्दा अहिले एउटा अनौठो विरोधाभासपूर्ण स्थिति देखिएको छ। एकातिर वाह्य क्षेत्र बलियो भई विदेशी मुद्रा सञ्चिति करिब २१ अर्ब अमेरिकी डलरभन्दा माथि पुगेको छ भने अर्कातिर आन्तरिक अर्थतन्त्र इतिहासकै कमजोर देखिन्छ। बैंकहरूमा निक्षेप उल्लेख्य रूपमा बढेर पैसा थुप्रिएको छ, तर त्यसलाई कर्जाका रूपमा बजारमा पठाउन सकिएको छैन । बैंकहरूले ब्याजदर घटाएर ऋण दिन खोजे तापनि नयाँ लगानीका योजना अगाडि सरेका छैनन् । व्यापारीहरूको अनुभवमा, बजारमा सामानको माग नै नभएपछि ऋण लिएर व्यवसाय थप्नुको कुनै सान्दर्भिकता रहँदैन । यी सबै पक्षले के पुष्टि गर्दछन् भने नेपालको अहिलेको मुख्य समस्या पैसा अभावमात्र नभई लगानी गर्ने उचित वातावरण र भविष्यप्रतिको भरोसाको कमी हो ।

**सामाजिक र मनोवैज्ञानिक चुनौती**

आर्थिक सूचकहरु त केवल अंक हुन्, तर यसको सबैभन्दा गहिरो चोट मानिसको आत्मविश्वासमा परेको छ । जब समाजको ठूलो हिस्साले आफ्नै देशमा भविष्य देख्न छाड्छ, तब आर्थिक गतिविधि केवल बाँच्नका लागिमात्र सीमित हुन पुग्छन् । अहिले मानिसले रमाउन र ढुक्क भएर खर्च गर्नसमेत छाडिसकेका छन् । नयाँ काम सुरू गर्न डराएका छन् र लगानी गर्नुलाई केवल जोखिममात्र ठान्न थालेका छन् । यो मनोवैज्ञानिक मन्दी तथ्यांकको मन्दीभन्दा धेरै गुणा खतरनाक छ । हामी कस्तो समाज बनाउँदै छौं जहाँ युवाका लागि केवल एयरपोर्टको गेट मात्रै सपनाको एउटा ढोका बनेको छ ।

निराशाको यो वातावरणलाई सामाजिक सञ्जालमा व्याप्त नकारात्मकताले झनै गहिरो बनाइदिएको छ । नयाँ पुस्तालाई सिर्जनशील काममा प्रोत्साहन गर्नुको सट्टा समाजमा केवल असन्तुष्टि र आक्रोशमात्र बढेको देखिन्छ । हामी कुनै गुनासो वा

बाँकी तेश्रो पेजमा




## तपाईंको आज

**मेष**
मेहनत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । पेसा तथा व्यापारमा पनि राम्रै फाइदा हुनेछ ।

**वृष**
धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ । सामुदायिक जिम्मेवारी वहन गर्ने समय छ ।

**मिथुन**
उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । समस्या दर्साउँदा सहयोगीहरूको साथ पाइनेछ ।

**कर्कट**
व्यवसायको सन्दर्भमा यात्रा हुनेछ । काममा साथीभाइको सहयोग जुट्नाले उत्साह मिल्नेछ ।

**सिंह**
शत्रु र रोगबाट भने सजग रहनुपर्ला। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ।

**कन्य**
गुरूजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

**तुला**
आफ्नो सूचना बाहिरिन सक्छ, गोपनीयतामा ध्यान पुर्याउनु होला। ढिलासुस्ती गर्ने बानीले पनि समस्या निम्त्याउनेछ ।

**वृश्चिक**
विगतका कर्मको उचित प्रतिफल पाइनेछ । प्रशस्त धन आर्जन गर्ने मौका छ ।

**धनु**
बुद्धिको उपयोगले केही काम बनाउन सकिनेछ। शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला ।

**मकर**
अवसर प्राप्त भए पनि चुनौतीसँग जुध्नुपर्ने समय छ। मिहिनेतले केही काम गर्न सकिनेछ।

**कुम्भ**
अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । आफ्नो मिहिनेतबाट अरूले फाइदा लिन सक्छन्, सजग रहनुहोला ।

**मीन**
सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षा गरिएको काम पनि बन्नेछ ।



**बन्दीपुरको सुन्तलाः** तनहुँको बन्दीपुर गाउँपालिका-६ काफल स्वाँरास्थित सन्तबहादुर गुरूङको बगानमा उत्पादन भएको सुन्तला ग्रेडिङ गरी बजार पठाउन तयारी गरिँदै। गुरूङले यस वर्ष करिब रू ४० लाख बराबरको सुन्तला बिक्री गर्ने लक्ष्य राख्नुभएको छ। *तस्बिरः सागर गिरी/रासस*

# पौष शुक्ल पूर्णिमा .......

गरिएको छ", उनले भने ।

यी देवीको विधिपूर्वक व्रत गरेमा विछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास रहिआएको प्रा नेपालले बताए । रोगव्याध लागेको भए ठीक हुने र पति वा पत्नीका रूपमा कसैलाई इच्छाएको भए पनि प्राप्त हुने कथासमेत नेपाली समुदायमा प्रचलित छ । सत्य युगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ । व्रतपछि विछोडमा परेका नागनागिनीको समेत पुनर्मिलन भएको कथामा उल्लेख छ ।

गोमा ब्राह्मणीले सप्तऋषिले सिकाएको व्रतविधिअनुसार व्रत गर्दा पुत्र वियोगबाट मुक्ति मिलेको र व्रतकै प्रभावले छोरा नवराज लावण्य देश (हालको साँखु क्षेत्र)को राजा भएको कथासमेत स्वस्थानीमा वर्णन गरिएको साँखुको ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक र पर्यटकीय विषयमा अनुसन्धानरत इतिहासकार प्रकाश श्रेष्ठ 'सक्व' ले जानकारी दिए ।

**शालिनदीमा १७५ वर्तालु**

यस अवसरमा आजैदेखि एक महिनासम्म उपत्यकाको उत्तर पूर्वी भेगस्थित १८ किमीको दूरीमा रहेको साँखुस्थित शालिनदीमा माघस्नानसहित माधवनारायणको मेला लागेको छ । "माघ महिनामा यहाँ आई स्नान गरेर माधवनारायणको दर्शन गरेमा पाप पखालिई पुण्य कमाइने धार्मिक विश्वास छ, यो विश्वासमा प्रत्येक वर्ष यहाँ लाखौँ भक्तजन आउने गर्छन्", इतिहासकार श्रेष्ठले भने ।

वर्तालुका लागि साँखुस्थित शालिनदीमा सम्पूर्ण व्यवस्था गरेर राखिएको श्री माधवनारायण स्वस्थानी व्रत तथा शालिनदी सुधार समितिले जनाएको छ। समितिका अध्यक्ष विकासमान सिंहले यस वर्ष पुस १९ देखि माघ १८ गतेसम्म मेला लाग्ने जानकारी दिए । उनले भने, "वर्तालुहरु शुक्रबार बेलुकीदेखि नै साँखुमा बास बस्न आएका छन् । शुक्रबार बेलुकी माधवनारायणका पुजारीबाट जल ग्रहण गरेपछि व्रतविधि सुरू भएको हो ।"

# पोखरा–मुग्लिन सडक .....

'थर्मोप्लास्टिक पेन्ट' र 'रोड सेफ्टी ब्यारिएर' राख्ने लगातका काम समेत सुरू भएको छ ।

यस योजनाको चालू आवमा थप ११ किमी चार लेनमा प्रथम तहको र ३० किमी चार लेनमा दोस्रो तहको अस्फाल्ट कालोपत्रे गरिएको छ । यस खण्डमा एक वटा पुल र दुई वटा कल्भर्ट निर्माणसमेत यसै अवधिमा सम्पन्न भएको छ ।

मुग्लिन–पोखरा पश्चिम खण्डको विसं २०७८ जेठ २ गते निर्माण सम्झौता भएर विसं २०७८ भदौ १२ गतेदेखि काम सुरू भएको थियो । यो खण्ड निर्माण गर्ने चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनसँग रू सात अर्ब ४० करोडमा ठेक्का सम्झौता गरिएको थियो । विसं २०८१ भदौ १२ गतेसम्म म्याद रहेकामा त्यसअवधिमा उल्लेख्य प्रगति नभएपछि पहिलोपटक १०१ दिनका लागि म्याद थप भएको थियो। यसपछि दोस्रोपटक विसं २०८१ पुसमा एक वर्ष म्याद बढाइएको थियो ।

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
## कृषि विकास कार्यालय, तनहुँ
दमौली, नेपाल

## हलुका सवारी चालक पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१९**

यस कार्यालयमा रिक्त रहेको हलुका सवारी चालक पद करार सेवाको माध्यमबाट पूर्ति गर्नुपर्ने भएकाले ईच्छुक नेपाली नागरिकले तपसिलको शर्तहरूको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. **पद** : हलुका सवारी चालक  २. **तह/श्रेणी** : श्रेणी विहिन
३. **सेवा/समूह** : मेकानिकल ईन्जिनियरिङ
४. **पद संख्या** : १ (एक)  ५. **करार अवधिः** ६ महिना
६. **आवश्यक न्यूनतम योग्यता** : साधारण लेखपढ गर्नुका साथै हलुका सवारी चालक अनुमति-पत्र भएको ।
७. **बान्छनीय योग्यता** : दुई पाङ्ग्रे सवारी साधनको समेत अनुमति-पत्र भै चलाउन जान्ने ।
८. **उमेर** : १८ वर्ष पूरा भै ५० वर्ष ननाघेको ।
९. **तलब/सेवा सुविधा** : प्रचलित कानून बमोजिम करार सम्झौतामा उल्लेख भए अनुसार ।
१०. **छनौट परीक्षा मिति, समय र स्थानः** कार्यालयद्वारा पछि सूचना प्रकाशन गरी तोकिनेछ ।
११. **आवेदन दस्तुर** : रू. २५०।- (दुई सय पचास) मात्र ।

**निम्न खातामा दाखिला गर्नुपर्नेछ :-**
**बैंकको नाम** : नेपाल बैंक लिमिटेड
**खाता नं.** : ०२००००००१००१००००००१
**कार्यालय कोड नं.** : ३१२०१३८०१४
**राजश्व शिर्षक नं.** : १४२२९

१२. **आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू** :
क) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि
ख) सवारी चालक अनुमति-पत्रको प्रतिलिपि
ग) अनुभवको प्रमाण-पत्र
घ) पासपोर्ट साईजको फोटो २ (दुई) प्रति
१३. **आवेदन दिने अन्तिम मितिः** २०८२/१०/०४ गते कार्यालय समयभित्र
१४. आवेदन फाराम उपलब्ध हुने तथा पेश गर्ने स्थान :
कृषि विकास कार्यालय, तनहुँ

**(वरिष्ठ कृषि विकास अधिकृत)**

# १.११ प्रतिशत मुद्रास्फीति .........

विरोधमा जति छिटो एकजुट हुन्छौं, देशको आर्थिक जग बलियो बनाउने कुरामा भने हाम्रो सामूहिक चेत त्यसरी खुल्न सकेको पाइँदैन। स्वदेशमै बसेर केही गर्न सकिन्छ भन्ने विश्वास नै टुट्दै जानु हाम्रो समयको सबैभन्दा ठूलो विडम्बना हो ।

**निष्कर्ष र सुधारका उपाय**

अर्थतन्त्र केवल तथ्यांकको विषयमात्र होइन, यो बजारको वास्तविक गतिविधि र आममानिसको आत्मविश्वासमा निर्भर हुन्छ । बजारमा माग र चहलपहल कम हुँदै गएको वर्तमान अवस्था चिर्न राज्यसत्ता र सरकारी संयन्त्रले अब कागजी गफ छाडेर बजारमा पैसा पठाउने, व्यावसायिक जगतलाई संरक्षण दिने र युवालाई स्वदेशमै अवसर छ भन्ने ठोस आधार निर्माण गर्नुपर्छ । यदि हामीले आफ्नै आन्तरिक उत्पादन र उपभोग चक्र फेरि सुरू गर्न सकेनौं भने रेमिट्यान्सले भरिएका हाम्रा बैंकहरूमा पैसा त हुनेछ, तर त्यसले अर्थतन्त्रलाई चलायमान बनाउन सक्ने छैन ।

नेपाललाई यो आर्थिक सुस्तताबाट बाहिर निकाल्न अब युद्धस्तरमा केही सम्भावित कदम चाल्नुपर्ने देखिन्छ । पहिलो चरणमा राज्यले निर्माण व्यवसायीको बाँकी रहेको सम्पूर्ण भुक्तानी तुरून्तै फछ्र्योट गर्नुपर्छ, जसले बजारमा तत्काल नगद प्रवाह बढाउन मद्दत गर्दछ। दोस्रो, बजेट खर्च गर्ने शैलीमा आमूल सुधार ल्याउँदै पूँजीगत खर्च गर्ने संयन्त्रलाई पूर्णरूपमा सक्रिय बनाउनु आवश्यक छ। तेस्रो, सहकारी पीडितको बचत फिर्ता गर्ने ठोस योजना ल्याएरमात्र उपभोक्ताको खस्किएको आत्मविश्वास पुनः प्राप्त गर्न सकिन्छ। चौथो, राष्ट्र बैंकले साना तथा मझौला उद्योगका लागि विशेष सहुलियत र पुनर्कर्जाका योजना प्रभावकारी रूपमा लागु गर्नुपर्छ । पाँचौ, वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वदेशमै उद्यम गर्न विशेष प्रोत्साहनका कार्यक्रमहरु ल्याउनुपर्छ।

तर, यी सबै सुधारका लागि एउटा दृढ र दूरदर्शी राजनीतिक नेतृत्व अपरिहार्य छ । नीति र योजना आफैं कार्यान्वयन हुँदैनन्, त्यसका लागि देशप्रति इमानदार र अर्थतन्त्र बुझेको नेतृत्व चाहिन्छ । आगामी निर्वाचन हाम्रा लागि केवल प्रतिनिधि छान्ने माध्यम मात्र होइन, बरू देशको भाग्य र भविष्य बदल्ने एउटा ऐतिहासिक अवसर हो । त्यसैले, अब हामी सचेत र देशभक्त नागरिकका रूपमा उभिनै पर्छ। हाम्रो एउटा सही निर्णयले नेतृत्व बदल्न सक्छ र नेतृत्व बदलिए मात्र देशको अवस्था बदलिन्छ। आफ्नो र देशको नियति परिवर्तन गर्ने यो सुनौलो मौकामा हामीले देखाउने विवेकले नै समृद्ध नेपालको आधार तय गर्ने छ । अनलाइनखबरबाट

## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

नगरको वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले यही २०८१ जेठ १ गतेदेखि व्यास नगरपालिका भित्र कुनै प्रकारको प्लाष्टिकको झोला प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्ने निर्णय भएको हुनाने सम्पूर्ण नगरबासीहरूले सामान खरिद गर्दा कपडा, फाइवर, जुट र कागजको झोला मात्र प्रयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै व्यापारी वर्गहरूले समेत प्लाष्टिकको झोलाको सट्टा वैकल्पिक झोलाहरू मात्र बिक्री वितरण गरी 'प्लाष्टिक झोला मुक्त व्यास नगर अभियान'लाई सफल बनाउने दायित्व सम्पूर्ण नगरबासीहरूको पनि भएको हुँदा सूचनाको पालना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। यदि कोही कसैले नियम विपरित बिक्री वितरण वा प्रयोग गरेको पाइएमा प्लाष्टिक झोला जफत गरी नियमानुसार जरिवाना गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**प्रत्येक महिनाको शनिबारः** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तैः- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्याँक-क्याँक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।



# आदिवासी महोत्सवमा लण्डन ब्रीज

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाल आदिवासी जनजाति महासंघ तनहुँले यही पुस २४ गतेदेखि माघ ५ गतेसम्म सञ्चालन गर्ने छैठौ आदिवासी जनजाति तनहुँ साँस्कृतिक एवं पर्वटन महोत्सव-२०८२ मा लण्डन ब्रिजको नमून स्थापना गरी मनोरञ्जन प्रदान गर्ने भएको छ ।

'भाषा, लिपि, धर्म, संस्कृति र सभ्यताको जगेर्ना तथा हस्तान्तरणमा ऐक्यबद्धता, खुला जीवन्त सांस्कृतिक संग्रहालय निर्माण र पर्यटन विकासमा प्रतिबद्धता' भन्ने नाराका साथ आयोजित महोत्सवलाई भव्य बनाउने उद्देश्यले दमौलीका विभिन्न स्थानमा स्वागत गेट, परम्परागत जातीय घर, स्टल निर्माणको कार्य भइरहेको महोत्सव मुल समारोह समिति संयोजक सनम तामाङले जानकारी दिए ।

व्यास नगरपालिका-३ स्थित खुला मैदानमा सञ्चालन हुने महोत्सवमा आइफिल टावर, लण्डन ब्रिजको आभास गर्न पाउने तामाङले बताए । "यी मुख्य आकर्षणको संरचना भएपनि मौलिक संस्कार, संस्कृति संरक्षण प्राथमिकता हो", उनले भने, "मुनाफाले जीवन्त सांस्कृतिक संग्राहलय निर्माण भएकोले आम्दानी बढाउने विषय प्राथमिकतामा छन्।"



आइफिल टावर, लण्डन ब्रिजलगायतका संरचनाले दर्शकलाई आकर्षित गर्ने महासंघका सचिव जीवन गुरूङ 'कुमार'ले बताए । उनका अनुसार विद्यालयस्तरीय नृत्य प्रतियोगिता, मौलिक सांस्कृतिक झाँकी तथा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिने उनले बताए ।

महोत्सव अवधिभर करिब तीन लाख दर्शकले अवलोकन गर्ने लक्ष्य राखिएको छ । परिषद्का कोषाध्यक्ष ठाकुर दरैका अनुसार महोत्सवबाट करिब रू. ७३ लाख आम्दानी हुनेछ भने रू. ५८ लाख खर्च हुने अनुमान गरिएको छ । महोत्सवबाट रू. १५ लाख बचत गर्ने लक्ष्य लिइएको कोषाध्यक्ष दरैले बताए। जिल्लाभरका जातीय कला, संस्कृति र पहिचान झल्कने जीवन्त सांस्कृतिक संग्रहालय निर्माण गरिने परिषद्का वरिष्ठ उपाध्यक्ष सिद्धान्त थापाले बताए ।

महोत्सवमा राष्ट्रिय तथा स्थानीय स्तरका चर्चित कलाकारको प्रस्तुति रहनेछ। कला, संस्कृति, भाषा, धर्म र सभ्यताको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको आदिवासी जनजाति महासंघ तनहुँका पूर्व अध्यक्ष हरिसिंह गुरूङले बताए । महासंघका उपाध्ययक्ष शेरबहादुर बोटेले महोत्सवमा १५० वटा स्टल रहने बताए । यस पटक महोत्सवमा मगर, दरै र कुमालको परम्परागत घर निर्माण गरिनेछ ।

# देवघाटमा प्लास्टिक निषेधसहित माघे संक्रान्ति मेलाको तयारी

रासस/चितवन

हालै प्लास्टिक निषेधित क्षेत्र घोषणा गरिएको देवघाटमा यस वर्ष हुने माघे सङ्क्रान्ति मेलालाई व्यवस्थित, सुरक्षित बनाउँदै धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले तयारी थालिएको छ । मेलालाई मर्यादित रूपमा सञ्चालन गर्न देवघाट क्षेत्र विकास समितिले व्यवस्थापन मूल समिति र विभिन्न शीर्षकगत उपसमितिहरु गठन गरी सक्रियता बढाएको हो ।

देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालका अनुसार १५१ सदस्यीय मेला व्यवस्थापन मूल समिति गठन गरिएको छ । मेलाको सफल व्यवस्थापनका लागि स्वयंसेवक परिचालन, धुनी व्यवस्थापन, बजार व्यवस्थापन, सरसफाइ तथा अस्थायी शौचालय व्यवस्था, खानेपानी व्यवस्थापन, प्राथमिक स्वास्थ्य उपचार, विद्युत् तथा बत्ती व्यवस्था, डुङ्गा व्यवस्थापन, आकस्मिक उद्धार, स्नानघाट व्यवस्थापन, मूल समितिको सचिवालय सञ्चालन, सूचना, सञ्चार तथा प्रचारप्रसार, मेला सुरक्षा व्यवस्थापनलगायत कार्यका लागि छुट्टाछुट्टै १९ वटा उपसमिति गठन गरिएको उहाँले जानकारी दिनुभयो।

मेलाको व्यवस्थापनका लागि भरतपुर महानगरपालिका, गैंडाकोट नगरपालिका, देवघाट गाउँपालिका, चितवन, तनहुँ र नवलपुर जिल्लाका प्रशासन तथा सुरक्षा निकाय एवं अन्य संघ संस्थासँग समन्वय गरिएको बरालले बताउनुभयो । मेला भर्न आउने भक्तजनका लागि रूट निर्धारण तथा चितवनतर्फको सडक मर्मत कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको उहाँले जानकारी दिनुभयो ।

देवघाटस्थित झोलुङ्गे पुलबाट भारी मालसामान ढुवानीमा रोक लगाइसकिएको जनाउँदै निर्देशक बरालले मोटरसाइकलसहित सबै सवारीसाधनको आवतजावत झोलुङ्गे पुलमा निषेध गरिएको व्यवस्था मिलाइएको निर्देशक बरालले जानकारी दिनुभयो ।

मेलालाई मासु, मदिरा तथा धुम्रपानरहित बनाउने प्रयास गरिएको देवघाट क्षेत्र विकास समितिका अध्यक्ष डा ईश्वरीराज लौडारीले बताउनुभयो । उहाँका अनुसार यही पुस ११ गतेदेखि देवघाटधाम क्षेत्रलाई प्लास्टिक निषेधित क्षेत्र घोषणा गरिएको छ। उहाँले मेलामा आउने




भक्तजनहरूलाई प्लास्टिकजन्य सामग्री नल्याउन आग्रह गर्नुभयो।

प्रदूषणका कारण वातावरण, नदीनाला तथा धार्मिक पर्यावरणमा नकारात्मक असर परिरहेको उल्लेख गर्दै अध्यक्ष डा लौडारीले नारायणी नदी तथा देवघाटधाम क्षेत्रको स्वच्छता कायम राख्न एकपटक प्रयोग हुने प्लास्टिक झोला (४० माइक्रोनभन्दा पातलो), प्लास्टिक बोतल, गिलास, प्लेटलगायत सामग्रीको प्रयोग क्रमशः निषेध गरिएको जानकारी दिनुभयो । वैकल्पिक रूपमा जैविक तथा वातावरणमैत्री सामग्री प्रयोग गर्न उहाँले सबै श्रद्धालु, शवयात्री, आगन्तुक तथा स्थानीयवासीलाई आग्रह गर्नुभयो ।

नेपालको मध्यभागमा अवस्थित प्रसिद्ध धार्मिक तीर्थस्थल देवघाटधाम पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिन्छ। मुक्तिनाथबाट प्रवाहित शालिग्रामवाहिनी कृष्णागण्डकी र गोसाइँकुण्डबाट उद्गम भएको त्रिशूली नदीको संगमस्थलका रूपमा रहेको यो क्षेत्र पुराणहरूमा आदिप्रयाग, हरिहर क्षेत्र, कदम्ब तीर्थ तथा चक्रतीर्थका नामले चिनिन्छ ।

देवघाटधाममा एकादशी, पूर्णिमा, संक्रान्ति तथा ग्रहणका अवसरमा नियमित मेला लाग्ने गर्दछ । तीमध्ये माघे सङ्क्रान्तिमा विशेष मेला लाग्ने परम्परा छ । यस अवसरमा देश तथा विदेशबाट ठूलो सङ्ख्यामा श्रद्धालु भक्तजनको आगमन हुने समितिले जनाएको छ ।

माघे सङ्क्रान्तिलाई मकर संक्रान्ति पनि भनिन्छ । ज्योतिषीय गणनाअनुसार सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश गर्ने दिनलाई मकर संक्रान्ति भनिन्छ । पद्मपुराणअनुसार यस दिन देवघाटधाममा स्नान गर्नाले अक्षय पुण्य प्राप्त हुनाका साथै प्रयागमा स्नान गरेसरहको फल प्राप्त हुने धार्मिक विश्वास रहिआएको अध्यक्ष डा लौडारीले बताउनुभयो ।

बताउनुभयो। उहाँका अनुसार पैदल यात्रुहरूले भने पुल प्रयोग गर्न सक्नेछन् ।

सवारीसाधनका लागि दासढुङ्गा पुल तथा ठिमुरा क्षेत्र प्रयोग गर्न सकिने र चितवनतर्फ सवारी पार्किङ गरी डुङ्गामार्फत रू ५० शुल्क तिरेर वारपार गर्न सकिने

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## facebook twitter



**Mahabir Pun**
x.com/MahabirPun

अर्थमन्त्री रामेश्वर खनाल भन्छन्, "स्वकीय सचिव स्वयम् नै एउटा भ्रष्टाचारको कारण थियो। किन थियो भने, सपथग्रहण नलिएको, अख्तियार नलाग्ने, निजामति कर्मचारीले नचिनेको, बाहिरको व्यक्ति उसले जति लु'टेर लिएर गए पनि भयो। अहिले प्राय: मन्त्रालयमा हेर्नु भयो भने स्वकीय सचिव छैन। मेरो छदै छैन। फाइल नै बोकेर लिएर गएर कुनै होटल, रेस्टुरेन्ट वा घरमा लिएर काम टुंग्याएर ल्याउने परम्परा पनि थियो स्वकीय सचिवले। जुन कुरा सचिवलाई पनि थाहा हुन्न थियो। एकाउन्टेबल भएर अख्तियारमा गएर बयान दिन जानुपर्ने, थुनामा जानुपर्ने को ? सचिव। बिगार्ने को स्वकीय सचिव।"
रामेश्वर खनालजीको यो भनाई केहि अपबाद बाहेक एकदम सहि छ। मन्त्रीलाई काम गर्न सहयोग ता पक्कै पनि चाहिन्छ तर मन्त्रीले जानी जानी आफ्नो स्वार्थको लागि तलव खाने फटाहा स्वकीय सचिव राख्न हुन्न। स्वकीय सचिवले केहि बदमासी गरेमा मन्त्री नै जिम्मेवार हुन्छ । कुरा बुझ्नु भो ?



**बाबाजी**
x.com/baabajee

एकथरी छन्: इमान्दार कांग्रेस-जो गाउँघरमा सामान्य खेति किसानी गरेर बस्छन्। पञ्चायतकालमा गाउँ आएका नेताले भुमिगत रूपमा सदस्यता दिएर कार्यकर्ता बनेका। इमान्दारिताका साथ भन्दा यिनलाई मात्र पार्टीको चिन्ता छ गाउँघरतिर।
अर्का छन्: व्यवसायिक कांग्रेस- जो धन तिरेर पार्टीमा आए र यो पार्टी मेरो पैसाले चल्छ भनेर दम्भ पाल्छन्, यिनका लागि पार्टीका नेता कार्यकर्ता भिखारी हुन्। तालाचाबी मलाई दिए म पार्टी चलाउँछु भनेर घमण्ड पाल्छन्।
केही छन्: तिउनचखुवा कांग्रेस-जो नियुक्ति खान, लाभ लिन मात्र पार्टीमा छन्, उस्तै परे महामन्त्री, सभापतिलाई सोसल मिडियाबाट हप्काउँछन्। जान्नुसान्नु भुत्तोभाङ केही छैन, भट्टीमा बसेर धाक लाउने यिनीहरूको धन्दा हो।
र बचेकुचेका: विलखबन्द कांग्रेस-जो के गर्ने, कसो गर्ने थाहा छैन तैपनि पार्टीमा बिद्रोह हुनुपर्छ भन्छन् तर कसरी त? भन्यो भने आफै अलमल्ल, रनभुल्ल र अक्क न बक्क भएर यताउता हेर्छन् !
गाउँतिरको ऐलेको अवस्था !

# वन पैदावारको १८औं वार्षिक साधारण सभा

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाल वन पैदावार उद्योग व्यवसाय संघ तनहुँको शनिबार १८औं वार्षिक साधारण सभा गरिएको छ । संघका जिल्ला अध्यक्ष दीपबहादुर श्रेष्ठको अध्यक्षतामा आँबुखरेनी-१ को अकला मन्दिरमा आयोजित कार्यक्रममा नेपाल वन पैदावार गण्डकी प्रदेशका अध्यक्ष प्रेमलाल श्रेष्ठले सम्बोधन गर्दै व्यवसायीहरूको हक हितका लागि सबैले हातेमालो गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाट, महासंघका केन्द्रीय सदस्य देव रसाइली, निवर्तमान केन्द्रीय सदस्य कृष्ण मुरारी मिश्र, गण्डकी प्रदेशका उपाध्यक्ष सुरेश घिमिरे, डिभिजन वन कार्यालय तनहुँका वन अधिकृत नवीन विश्वकर्मा लगायतकाले आ-आफ्नो विचार व्यक्त गरेको छ ।

साधारण सभामा संघका सचिव वसन्त सदाशंकरले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष कृष्णराज लामिछानेले आर्थिक प्रतिवेदन पेश गरे । कार्यक्रमको अवसरमा संघका अध्यक्ष श्रेष्ठले सामाजिक उत्तरदायित्व अन्तरगत विभिन्न व्यक्ति, संघसंस्था र सरकारी निकायलाई सहयोग प्रदान गरिएको, डँढेलो नियन्त्रणका लागि कार्यक्रम गरिएको, व्यास-१ र प्रशिद्ध थानीमाई मन्दिर परिसरमा वृक्षारोपण लगायतका कार्यक्रम गरिएको जानकारी गराए ।



उनले आगामी दिनमा पनि वृक्षारोपणका कार्यक्रमलाई व्यापक गराउने, गरिब तथा जेहेन्दार विद्यार्थीलाई न्यानो कपडा वितरण कार्यक्रमलाई निरन्तरता दिने, संस्थाको भवनका लागि जग्गा खरिद गरी निर्माण गर्ने र व्यवसायीलाई संगठित हुन प्रेरणा प्रदान गर्ने लक्ष्य रहेको बताए ।

साधारण सभाले रिक्त रहेको संघको उपाध्यक्ष पदमा आशिष कुमार सुनार र रिक्त रहेको कार्यसमितिको सदस्य पदमा यालबहादुर गुरूङलाई सर्वसम्मत रूपमा चयन गरिएको संघका कोषाध्यक्ष कृष्णराज लामिछानेले जानकारी दिए ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन:** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४